दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फारुलाचौर, सल्यान

कर्णाली प्रदेश
नेपाल

www.darmamun.gov.np
Email:darmagaunpalika@gmail.com

प.स. : ०७७/०७८

च.नं. :

मिति : २०७८/०३/१०

नवौं गाउँसभा (बजेट तथा कार्यक्रम)

उपस्थिति विवरण

क्र.स.	नामथर	पद	दस्तखत	कैफियत
१	श्री निमबहादुर के. सी.	अध्यक्ष		
२	श्री टीका शर्मा, ओली	उपाध्यक्ष		
३	श्री अमृत खड्का	नि.प्रमुख प्रशासकीय अधिकृत		
४	अमृता वि.क.	सभा सदस्य		
५	इन्द्रबहादुर थापा कामी	सभा सदस्य		
६	कविकुमार चन्द	सभा सदस्य		
७	कमला कामी	सभा सदस्य		
८	चन्द्रबहादुर रावत	सभा सदस्य		
९	जयकली वि.क.	सभा सदस्य		
१०	जुना मल्ल चन्द	सभा सदस्य		
११	टिउकी कामी	सभा सदस्य		
१२	डिल्लीबहादुर केसी	सभा सदस्य		
१३	दुर्गाबहादुर मल्ल	सभा सदस्य		

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

कर्णाली प्रदेश
नेपाल
फारुलाचौर, सल्यान
www.darmamun.gov.np
Email:darmagaunpalika@gmail.com

च.स. : ०७७/०७८
च.नं. :

उपस्थिति विवरण

२०७८/०३/१०

क्र.स.	नामथर	पद	दस्तखत	कैफियत
१४	देवी खत्री	सभा सदस्य		
१५	धनबहादुर बुढाथोकी	सभा सदस्य		
१६	धनीराम नेपाली	सभा सदस्य		
१७	धर्मे खत्री	सभा सदस्य		
१८	निमबहादुर खड्का	सभा सदस्य		
१९	पहलबहादुर खत्री	सभा सदस्य		
२०	पुतला खड्का रोकाय	सभा सदस्य		
२१	पुष्पा सुनार	सभा सदस्य		
२२	विमला खत्री	सभा सदस्य		
२३	भूमा वि.क.	सभा सदस्य		
२४	मञ्जु शाही	सभा सदस्य		
२५	मोतीलाल ओली	सभा सदस्य		
२६	रत्नबहादुर विष्ट	सभा सदस्य		
२७	रामबहादुर के. सी.	सभा सदस्य		
२८	लोकबहादुर कामी	सभा सदस्य		
२९	सन्ताराम कामी	सभा सदस्य		
३०	सार्की खत्री	सभा सदस्य		

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फारुलाचौर, सल्यान

कर्णाली प्रदेश
नेपाल

www.darmamun.gov.np
Email:darmagaunpalika@gmail.com

प.स. : ०७७/०७८
च.नं. :

उपस्थिति विवरण २०७८/०३/१०

क्र.स.	नामथर	पद	दस्तखत	कैफियत
३१	सुदीप के.सी.	सभा सदस्य		
३२	सेतीराम रोकाहा	सभा सदस्य		
३३	हिरा खड्का	सभा सदस्य		
३४	शेरप्रसाद ढकाल	सचिवालय सदस्य		
३५	यज्ञबहादुर बस्नेत	सचिवालय सदस्य		
३६	दिपक कुवर	सचिवालय सदस्य		
३७	खुमबहादुर के.सी.	सचिवालय सदस्य		
३८	हस्तराम खड्का	सचिवालय सदस्य		
३९	सन्देश के.सी.	सचिवालय सदस्य		
४०	हेमन्त थापा	सचिवालय सदस्य		
४१	लोकेन्द्र विश्वकर्मा	सचिवालय सदस्य		
४२	यज्ञबहादुर नेपाली	सचिवालय सदस्य		

प्रस्तावहरु

१.आर्थिक ऐन सम्बन्धमा ।

२. आ.ब. २०७७/०७८ बजेट बक्तव्य /बजेट प्रस्ताव सम्बन्धमा


३. विविध सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं. १. प्रस्ताव नं.१ माथि छलफल गर्दा विधान समिति संयोजक श्री दुर्गाबहादुर मल्लले प्रस्ताव गरेको आर्थिक ऐन,२०७८ सम्बन्धमा नवौं गरिमामय गाउँसभामा दफावार छलफल तथा निर्णयार्थ प्रस्ताव पेश गरियो ।

तपसिल **दार्मागाउँपालिकाकोआर्थिकऐन, २०७८**

दार्मा गाउँपालिका, सल्यान
कर्णाली प्रदेश
नेपाल



दार्मा गाउँपालिका

स्थानीय राजपत्र

खण्ड - ५	सङ्ख्या : १	मिति : २०७८/३/२४

भाग -१

दार्मा गाउँपालिका

गाउँ सभाबाट पारित मिति : २०७८/०३/१८

प्रमाणीकरण

मिति : २०७८/०३/२४

दार्मा गाउँपालिकाको आर्थिक ऐन, २०७८

दार्मा गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७८

प्रस्तावना : दार्मा गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निम्ति स्थानीय कर तथा शुल्क सङ्कलन गर्ने, आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम दार्मा गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम 'दार्मा गाउँपालिकाको आर्थिक ऐन, २०७८' रहेको छ।

(२) यो ऐन २०७८ साल श्रवान १ गतेदेखि दार्मा गाउँपालिका क्षेत्रभरी लागू हुनेछ।

२. **सम्पत्ति कर :** गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ।

३. **सिफारिस दस्तुर :** गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम सिफारिस दस्तुर लिइने छ।

४. **जडीबुटी, कवाडी र जीवजन्तु कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेवापत अनुसूची (३) बमोजिम कर लगाइने र असुल उपर गरिनेछ।

५. **घरेलु तथा साना उद्योगको सर्जिमन तथा सिफारिस :** गाउँपालिका क्षेत्रभित्र स्थापना हुने घरेलु तथा साना उद्योगको सर्जिमन तथा सिफारिसका लागि अनुसूची ४ बमोजिम कर लगाइने छ।

६. **रजिष्ट्रेसन पास सिफारिस दस्तुर :** दार्मा गाउँपालिका क्षेत्रभित्रका घरजग्गा पासका लागि अनुसूची - ५ बमोजिम हुने छ।

७. **चार किल्ला प्रमाणित बैङ्क तथा अन्य प्रयोजन :** दार्मा गाउँपालिकाभित्र चारकिल्ला प्रमाणित बैङ्क तथा अन्य प्रयोजनका लागि अनुसूची ६ बमोजिम हुने छ।

. घर जग्गा मूल्याङ्कन : यस दार्मा गाउँपालिकाभित्रका घरजग्गा मूल्याङ्कनका लागि अनुसूची ७ बमोजिमको शुल्क लगाइने छ।

. निजी र सामुदायिक विद्यालयको कक्षावृद्धि : यस दार्मा गाउँपालिका भित्रका निजी र सामुदायिक विद्यालयको कक्षावृद्धिको अनुमति सिफारिसका लागि अनुसूची ८ बमोजिम शुल्क लिइने छ।

. व्यक्तिगत घटना दर्ता : यस दार्मा गाउँपालिकाभित्र व्यक्तिगत घटना र्ताका लागि अनुसूची ९ बमोजिम शुल्क लिइने छ।

मालपोत कर : यस दार्मा गाउँपालिकाभित्र तोकिएबमोजिम मालपोतका ागि अनुसूची १० बमोजिम कर लिइने छ।

१२. **घट्ट कर :** यस दार्मा गाउँपालिकाभित्रका घट्ट दर्ता लगायतका कामका लागि अनुसूची १२ बमोजिम घट्ट कर लगाइने छ।

१३. **नक्सा पास दस्तुर :** यस दार्मा गाउँपालिकाभित्र भवन संरचना निर्माणका लागि नक्सा पास गर्न अनुसूची १३ बमोजिम दस्तुर लगाइने छ।

१४. **योजना तथा कार्यक्रम समेतका सम्झौता सेवा शुल्क :** यस दार्मा गाउँपालिकाका योजना तथा कार्यक्रम सम्झौता सेवा शुल्क अनुसूची १४ बमोजिम हुनेछ।

१५. **मनोरञ्जन कर :** यस दार्मागाउँपालिभित्र तोकिएका शीर्षकमा मनोरञ्जन कर अनुसूची १५ बमोजिम हुने छ।

१६. **विकास सेवा शुल्क / बहाल बिटौली दस्तुर :** यस दार्मा गाउँपालिकाभित्र अनुसूची १६ बमोजिम विकास सेवा शुल्क / बिटौली दस्तुर लगाइने छ।

१७. **कृषि विकास र पशु सेवा कर :** दार्मा गाउँपालिकामा कृषि विकास र पशु सेवा कर अनुसूची १७ बमोजिम हुने छ।

१८. **गाउँपालिकाबाट पशुपंक्षी निर्यात तथा पशु क्वारेन्टाइन प्रयोजनार्थ स्वास्थ्य परीक्षण शुल्क :** यस दार्मा गाउँपालिकाबाट पशुपंक्षि निर्यात तथा पशु क्वारेन्टाइन प्रयोजनार्थ स्वास्थ्य परीक्षण शुल्क अनुसूची १८ बमोजिम हुनेछ।

१९. **न्याय सेवा शुल्क :** यस दार्मा गाउँपालिकामा न्यायीक समितिले न्याय सेवा प्रदान गरे वापत् अनुसूची १९ बमोजिमको शुल्क लिइने छ।

२०. **घर जग्गा बहाल कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा

आंशिक तवरले बहालमा दिएकोमा अनुसूची २० बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ।

२१. **बेरुजु :** यस दार्मा गाउँपालिका अन्तर्गत महालेखा परीक्षणको कार्यालयबाट उल्लेखित बेरुजु अनुसूची २१ बमोजिम हुने छ।

२२. **स्वास्थ्य शाखा तथा मातहतका कार्यालय अन्तर्गत शुल्क दस्तुर :** यस दार्मा गाउँपालिकाभित्रका स्वास्थ्य शाखा तथा मातहतका कार्यालय अन्तर्गत प्रदान गरिने सेवामा अनुसूची २२ बमोजिम दस्तुर लगाइने छ।

अनुसूची १

सम्पत्ति कर

१	कच्ची घरको घर कर	५०
२	ढुङ्गा, जस्ता पाता, टायलको छाना भएको घर कर	१००
३	पक्कीघरको घर कर (न्युनतम १ तला रु २०० प्रति तला थप रु.१००)	१००
	जम्मा	

अनुसूची २

सिफारिस दस्तुर

४	अङ्ग्रेजीमा गरिने सवै सिफारिस	५००
५	नागरिकता सिफारिस	२००
६	नागरिकता प्रतिलिपि सिफारिस	५००
७	नाता प्रमाणित स्वदेश प्रयोजन	२००
८	नाता प्रमाणित विदेश प्रयोजन	५००
९	नाता कायम सिफारिस	२००
१०	पारिवारिक विवरण सिफारिस	२००
११	बसोबास प्रमाणित सिफारिस	५००
१२	नावालक सिफारिस	५०
१३	जन्म मिति प्रमाणित सिफारिस	२००
१४	वैवाहिक सम्बन्ध प्रमाणित सिफारिस	२००

१५	अविवाहित प्रमाणित सिफारिस	२००
१६	नाम, थर, जन्म मिति सिफारिस	२००
१७	जीवित रहेको सिफारिस	२००
१८	व्यक्तिगत विवरण प्रमाणित सिफारिस	२००
१९	चारित्रिक प्रमाणित सिफारिस	५००
२०	सम्बन्ध विच्छेद प्रमाणित सिफारिस	५००
२१	खानेपानी, टेलिफोन जडान, नामसारी, ठाउँसारी सिफारिस	३००
२२	विद्युत मिटर जडान सिफारिस(घरायसी)	३००
२३	विद्युत मिटर जडान सिफारिस (उद्योग)	२५००
२४	योजना दर्ता सम्झौता सिफारिस	२००
२५	शिक्षक/कर्मचारी सरुवा सिफारिस	२००
२६	निजी विद्याल ठाउँसारी	५०००
२७	सामुदायिक विद्यालय ठाउँसारी	१०००

अनुसूची ३

जडिबुटी, वन्यजन्तु तथा जीवजन्तु कर

२८	सुठो, वेसार, टिमुर, अदुवा र जडिवुटीजन्य प्रति क्विन्टल	१०
२९	चौपायानिकासी दस्तुर प्रति गोटा(भेडा बाखा खसी बोका) सिफारिस	२५
३०	चौपायानिकासी दस्तुर प्रति गोटा(राँगा भैसी) सिफारिस	१००

अनुसूची ४

घरेलु तथा साना उद्योगको सर्जमिन तथा सिफारिस

३१	ठूला उद्योग सिफारिस	५०००
३२	मझौला उद्योग सिफारिस	२५००
३३	साना तथा घरेलु उद्योग सिफारिस	१५००
३४	व्यवसाय बन्द तथा नाम परिवर्तन सिफारिस	५००
३५	मदिरा व्यवसाय संचालन अनुमति सिफारिस (खुद्रा)	५०००
३६	मदिरा व्यवसाय सिफारिस (थोक)	१००००
३७	संघ संस्था दर्ता सिफारिस	२५००
३८	सवै किसिमका मुचुल्का/सिफारिस	५००
३९	प्लटिङ्ग इजाजत प्रति रोपनी सिफारिस	२५००
४०	पर्यटन स्तरीय होटल सिफारिस	२०००
४१	होटल दर्ताको सिफारिस	१०००
४२	लघुवित्तीय संस्था दर्ता सिफारिस	१०००
४३	पेन्सन सिफारिस	५००
४४	निजी वैंक स्थापना अनुमति सिफारिस	५०००
४५	जग्गा धनी पूर्जा प्रतिलिपि सिफारिस	२००
४६	घर कायम सिफारिस	१०००
४७	घरबाटो प्रमाणित	५००
४८	सबै किसिमका सिफारिस	२००

अनुसूची ५

रजिष्ट्रेशन पास सिफारिस दस्तुर

४९	पहिलो कित्ता सिफारिस	५००
५०	पहिलो कित्तापछि थप प्रति कित्ता सिफारिस	१००
५१	ट्रेस नक्सा निर्माण प्रति कित्ता सिफारिस	३००
५२	जग्गा दर्ता वा नामसारी सिफारिस छ रोपनीसम्म सिफारिस	५००
५३	राजिनामा, बकस पत्र सिफारिस	१०००
५४	अशं वण्डा सिफारिस	५००
५५	घर नक्सा नामसारी सिफारिस	१०००
५६	उद्योग नामसारी ठूलो सिफारिस	२०००
५७	उद्योग नामसारी मझौला सिफारिस	१५००
५८	उद्योग नामसारी सानो सिफारिस	१०००
५९	घट्ट बन्द सिफारिस तथा प्रमाणित	५००
६०	कुटानी पिसानी मिल सिफारिस एवं विक्री	१५००
६१	समिल काठ चिरानी सिफारिस	२०००

अनुसूची ६

चार किल्ला प्रमाणित वैंक तथा अन्य प्रयोजन

६२	पहिलो कित्ता	५००
६३	पहिलोकित्ता पछि थप प्रति कित्ता	१००

६४	अमिन खटन दस्तुर	२५००

अनुसूची ७

घर जग्गा मूल्याङ्कन

६५	१ लाख देखि ५ लाख सम्म	५००
६६	५ लाख देखि १० लाख सम्म	६००
६७	१० लाखदेखि १५ लाख सम्म	७००
६८	१५ लाख देखि २० लाख सम्म	८००
६९	२० लाख देखि माथि	१०००

सम्पत्ती प्रमाणिकरण/लेनदेन प्रमाणित

७०	५०००० देखि ५००००० सम्म	५००
७१	५००००० देखि १०००००० सम्म	६००
७२	१०००००० देखि २०००००० सम्म	७००
७३	२०००००० देखि ३०००००० सम्म	८००
७४	४०००००० देखि माथि	९००
७५	आयश्रोत प्रमाणित	१००

अनुसूची ८

निजी विद्यालयको कक्षा बृद्धि (अपग्रेड)

७६	आधारभूत स्तर	५०००

सामुदायिक विद्यालयको कक्षा वृद्धि (अपग्रेड)

७७	आधारभूत स्तर	५००
७८	माध्यमिक स्तर	१०००
७९	क्याम्पस / कलेज स्तर	१५००
८०	मार्कसिट प्रतिलिपि	२००
८१	शिक्षक नियुक्ति अभिलेखिकरण	५००

अनुसूची ९

व्यक्तिगत घटना दर्ता

८२	व्यक्तिगत घटना दर्ता ३५ दिन पछि	२००
८३	व्यक्तिगत घटना दर्ता प्रतिलिपि	५००

अनुसूची १०

व्यवसाय दर्ता शुल्क

८४	मोबाईल चिरानी मेसिन दर्ता	४०००
८५	डेरी उद्योग दर्ता	१०००
८६	निर्माण व्यवसाय ईजाजत पत्र दस्तुर	२००००
८७	परामर्श सेवा दर्ता	१५००
८८	1 लाखसम्म पुजी भएका व्यवसाय	५००
८९	१ लाखदेखि ५ लाख पुजी भएका व्यवसाय	१०००
९०	५ देखि २० लाख सम्म पुजी भएका व्यवसाय	२०००
९१	२० लाख भन्दा माथि पुजी भएका व्यवसाय	५०००

व्यवसाय नवीकरण दस्तुर

९२	मोबाईल चिरानि मेसिन	२०००
९३	डेरी उद्योग नविकरण	५००
९४	निर्माण व्यवसाय ईजाजत पत्र नविकरण	५०००
९५	परामर्श सेवा नविकरण	८००
९६	1 लाख सम्म पुजी भएका	२००
९७	५ देखि २० लाख सम्म पुजी भएका	५००
९८	२० लाख भन्दा माथि पुजी भएका	७००
९९	संघसंस्था, इन्स्टीच्युट आदि दर्ता	२०००
१००	क्लव दर्ता	१०००

अनुसूची ११

मालपोत कर (पाखो तर्फ प्रति रोपनी) वक्यौताको 25 प्रतिशत जरिवाना लाग्ने

१०१	अब्बल	२०
१०२	दोयम	१५
१०३	सिम	१०
१०४	चार	५

मालपोत कर (खेत तर्फ/धनहर प्रति रोपनी) वक्यौताको 25 प्रतिशत जरिवाना लाग्ने

१०५	अब्बल	२०
१०६	दोयम	३०
१०७	सिम	२०
१०८	चार	१०

अनुसूची १२

घट्ट कर

१०९	नयाँ घट्ट दर्ता	५००
११०	विद्युतबाट तथा अन्य इन्धनबाट चल्ने मिल दर्ता	१०००
१११	३ महिना सम्म संचालन हुने	२५०
११२	५महिना सम्म संचालन हुने	३५०
११३	१२महिना संचालन हुन	४५०

अनुसूची १३

नक्सापास दस्तुर

११४	कच्ची घरको RCC बाहेक एकमुष्ट	१०००
११५	RCC को लागि बजार क्षेत्रमा प्रति स्क्वायर फिट प्रति तला	१०
११६	RCC को लागि अन्य क्षेत्रमा प्रति स्क्वायर फिट प्रति तला	५
११७	घरको अभिलेखिकरण RCC प्रति स्क्वायर फिट प्रति तला	१०
११८	घर जग्गामा अभिलेखिकरण कच्ची घरको बजार क्षेत्रमा एकमुष्ट	२५००

अनुसूची १४

योजना तथा कार्यक्रम सम्झौता समेतका सेवा शुल्क

119	१ लाख सम्म	१००
120	१ लाख देखि ५ लाख सम्म	५००
121	५ लाख देखि १० लाख सम्म	१०००
122	१० लाख देखि २० लाख सम्म	२०००
123	२० लाख देखि ३० लाख सम्म	३०००
124	३० लाख देखि ४० लाख सम्म	४०००

125	४0 लाख देखि ५० लाख सम्म	५०००
126	५0 लाख देखि ६० लाख सम्म	६०००
127	६०लाख र सो भन्दा माथि	१००००
128	अन्य प्रशासनिक सेवा शुल्क	५०००
129	नक्सा पास किताव	५००

अनुसूची १५

मनोरोञ्जन कर

मेला कर, जात्राकर अन्तर्गत

१३०	ठूलो व्यापार कर	५०००
१३१	कृषि जन्य व्यापार कर	४०००
१३२	साना खुद्रा पसल कर	५०
१३३	सिनेमा हल कर	५००
१३४	पशुपंक्षी व्यापार	१०००
१३५	कट पिङ	२५०

अनुसूची १६

विकास सेवा शुल्क दस्तुर/बहाल बिटौली शुल्क

(सार्वजनिक तथा सरकारी जग्गामा वनाएका भौतिक संरचनाहरुको लागि)

१३६	वजार क्षेत्रका पक्कि घर दर्ता	८०००
१३७	वजार क्षेत्रका पक्कि घर नविकरण	४०००
१३८	वजार क्षेत्रका कच्चि घर दर्ता	५०००
१३९	वजार क्षेत्रका कच्चि घर नविकरण	२५००

१४०	वजार क्षेत्रका थोक पसल	१०००
१४१	वजार क्षेत्रका फुटकर पसल	५००
१४२	वजार क्षेत्रका टहराहरु	१०००
१४३	कृषि सडक छेउछाउका फुटकर पसल	१०००
१४४	कृषि सडक छेउछाउका थोक पसल	३०००

अनुसूची १७

कृषि विकास र पशुसेवा कर

१४५	समुह दर्ता शुल्क	५००
१४६	समुह नविकरण शुल्क	२००
१४७	कृषि/पशु पालन सहकारी दर्ता शुल्क	१०००
१४८	कृषि तथा पशु पालन सहकारी नविकरण शुल्क	५००
१४९	कृषि/पशु पालन फर्म दर्ता	८००
१५०	कृषि/पशु पालन फर्म नविकरण शुल्क	४००

अनुसूची १८

गाउँपालिकाबाट पशुपंक्षी निर्यात तथा पशु क्वारेन्टाइन प्रयोजनार्थ स्वास्थ्य परीक्षण शुल्क

१५१	गाई,भैसी,राँगो,गोरु,बङ्गुर	१००
१५२	भेडा बाखा	५०
१५३	कुखुरा हाँस	५

पशु सेवा शाखा/सेवा केन्द्रमा उपचार सेवा शुल्क

१५४	गाई,भैसी,राँगो,गोरु,बङ्गुर	१०
१५५	भेडा बाख्रा	५
१५६	कुखुरा हाँस	१
१५७	कुकुर बिरालो	५०

पशु सेवा शाखा/सेवा केन्द्रमा पशुपंक्षी बन्ध्याकरण सेवा शुल्क

१५८	साँढे	५०
१५९	बोका थुमा	२०
१६०	राँगो	१००
१६१	कुकुर	१००
१६२	बँगुर	५०

अनुसूची १९

न्याय शाखा अन्तर्गत

१६३	उजुरी निवेदन दस्तुर	१००
१६४	प्रति उत्तर दस्तुर	१००
१६५	मेलमिलाप दस्तुर(दुई पक्षबाट)	१०००

अनुसूची २०

घर बहाल कर

१६६	घरबहाल कर	१० प्रतिशत

अनुसूची २१

बेरूजु

१६७	बेरुजु	५७१०००

अनुसूची २२

स्वास्थ्य शाखा तथा मातहतका कार्यालय अन्तर्गत सेवा शुल्क दस्तुर

१६८	ओ.पि.डि. शुल्क	१०

१६९	एक्सरे सादा	३००
१७०	भिडियो एक्सरे	४००

ल्याव सेवा शुल्क

१७१	ADA	३००
१७२	ALP	१५०
१७३	ASO	१५०
१७४	B. Gulcose fasling	८०
१७५	B Gulcose Rendom	८०
१७६	B UREA	१२०
१७७	BETA HCG	१०००
१७८	BLOOD GROUP	७५
१७९	BODY FLUID ANALYSIS	३५०
१८०	BT	३०
१८१	BT,CT	६०
१८२	CALCIUM	२५०
१८३	CBC	३००
१८४	CLINICAL FIELD	१०००
१८५	CROSS MATCH	१००
१८६	CRP	१५०
१८७	CT	३०
१८८	DC	४०
१८९	ESR	४०
१९०	FULL ANC	५००
१९१	GRAMS STAIN	१००
१९२	H PYLORI	३००
१९३	HB	५०


১৯৪	HBA1C	৬০০
১৯৫	HBSAG	১৫০
১৯৬	HCV	২০০
১৯৭	HDL	১৫০
১৯৮	K	১৫০
১৯৯	KETONE BODY(ACETONE)	১০০
২০০	LFT	৬০০
২০১	LIPID PROFILE	৫০০
২০২	MANTOUX	৫০
২০৩	MICROALBUMIN TEST	৬০০
২০৪	NA	১৫০
২০৫	NA,K	৩০০
২০৬	OCCULT BLOOD	১০০
২০৭	PLATELET COUNT	৫০
২০৮	POTASSIUM(K)	১৫০
২০৯	RA FACTOR	১২০
২১০	S.ALBUMIN	১০০
২১১	S.BILIRUBIN T&D	৩০০
২১২	SEMEN ANALYSIS	১০০
২১৩	SEROLOGY	৪৫০
২১৪	SGoT	১৫০
২১৫	SGPT	১০০
২১৬	SODIUM(NA)	১৫০
২১৭	SPUTUM FOR AFB	১০
২১৮	T.CHOLESTEROL	১৫০
২১৯	T.PRONINE I	১০০

२२०	TC	४०
२२१	TC,DC,ESR	१२०
२२२	TFT	१०००
२२३	TRIGLYCERIDE	२००
२२४	TROPONINE I	४००
२२५	UPT	५०
२२६	URINE FOR KETONE	१००
२२७	URINE R/E	५०
२२८	VDRL/RPR	१००
२२९	WIDAL	८०

नि.नं.२- प्रस्ताव नं. २ माथि छलफल गर्दा सातौ गरिमामय गाउँसभामा गाउँभामा गाउँपालिका उपाध्यक्ष श्री टीका शर्मा वलीज्यूबाट प्रस्तुत गरिएको आ.व. २०७८।०७९ को ३९ करोड ७० लाख ४० हजारको प्रस्तावित तपसिल अनुसार बजेट बक्तव्य प्रस्तुत गरियो । साथै बजेट बक्तव्य पारितको लागि समुहगत छलफल तथा अध्ययन गरी लिखित सुझावको लागि ७ दिन समय दिने निर्णय गरियो ।

तपसिल

आर्थिकवर्ष२०७८/०७९कोबजेटवक्तव्य





दार्मागाउँपालिका
सल्यान
कर्णालीप्रदेश
२०७८

नवौंगाउँसभाकोबैठकमामितिर०७८असार१०गतेबिहीबार
उपाध्यक्षश्रीटीकाशर्मा, ओलीज्यूले
प्रस्तुतगर्नुभएको

आर्थिकवर्ष२०७८/०७९कोबजेटवक्तव्य

दार्मागाउँपालिका
सल्यान
कर्णालीप्रदेश
२०७८

दार्मा गाउँपालिकाको यस गरिमामय गाउँसभा अध्यक्षज्यू र सभा सदस्यहरू

१. सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको बलिदानीपूर्ण सङ्घर्ष, महान जनयुद्ध र विभिन्न समयका आन्दोलनबाट प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्न गठित यस दार्मा गाउँपालिका, सल्यानको पहिलो जननिर्वाचित यस दार्मा गाउँपालिकाको नवौं दार्मा गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को बजेट प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ।

२. यस अवसरमा लोकतान्त्रिक गणतन्त्र, सङ्घीयता, समावेशिता, सामाजिक न्यायका लागि जीवन उत्सर्ग गर्नुहुने दार्मा गाउँपालिकाका २४ जना सहिदहरूसहित सम्पूर्ण ज्ञात अज्ञात महान सहिदहरुप्रति हार्दिक श्रद्धासुमन प्रकट गर्दछु । जनयुद्धका बेपत्ता, घाइते, अपाङ्गता भएका व्यक्ति र आन्दोलनमा स्वाभिमानपूर्वक सहभागी भई योगदान गर्नुहने व्यक्तित्वहरूको स्मरण गर्दै उच्च सम्मान गर्दछु।

३. विश्वव्यापी रुपमा फैलिएको नयाँ भेरियन्टसहितको कोरोना भाइरस कोभिड–१९ महामारीले सम्पूर्ण मानवजातिलाई नै आक्रान्त बनाएको छ । यसबाट दार्मा गाउँपालिकाका ज्यान गुमाउनु भएका चार जनामा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । स्वदेश र विदेशमा ज्यान गुमाएका सबै मृतकप्रति पनि श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै, संक्रमित सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यस विषम महामारीबाट जीवनरक्षाका लागि यस दार्मा गाउँपालिकामा खटिनु भएका स्वास्थ्य कर्मी, सुरक्षाकर्मी, स्वयंसेवक, जनप्रतिनिधि, कर्मचारी, आम जनसमुदाय र आर्थिक तथा भौतिक रुपमा सहयोग गर्ने सबै सहयोगी महानुभावहरुलाई धन्यवाद दिन्छु । थप जिम्मेवार, सचेत र सजक बन्न सबैमा अपिल गर्दछु।

४. हामी यतिबेला इतिहासमै अत्यन्त ठूलो चुनौतिको सामना गर्न बाध्य छौं । सीमित स्रोतबाट असीमित आवश्यकता सम्बोधन गर्नुपर्ने अवस्था रहेको छ । विकटता, विपन्नता र बेरोजगारीसँग जुँधिरहेको दार्मा गाउँपालिका हालको कोभिड १९ र बन्दाबन्दीको कारणले मानवीय र आर्थिक सङ्कटको सामना गरिरहेको छ । हाम्रा सबै सवाललाई योजना, कार्यक्रम र सीमित बजेटले पूर्ण सम्बोधन गर्न सक्दैन । यस कठिन घडिमा दार्मा गाउँपालिका वासी जनताको रक्षा नै हाम्रो प्रमुख दायित्व हो । महामारी, भोकमरी र रोजगारी हाम्रो बजेटका मुख्य प्राथमिकता हुन् ।

५. बजेट तर्जुमा गर्दा नेपालको संविधान र कानुन, नेपालको पन्ध्रौं योजना, कर्णाली प्रदेश प्रथम पञ्चवर्षीय योजनाको आधारपत्र, दीगो विकास लक्ष्य, यस सम्मानित सभाले पारित गरेको दार्मा गाउँपालिको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम, गाउँ सभाका सदस्यहरुबाट प्राप्त महत्वपूर्ण सुझाव मार्गदर्शन र कोभिड-१९ बाट सिर्जित परिस्थिति, शिक्षालाई बजेटको प्रमुख आधार बनाइएको छ।

६. आर्थिक वर्ष २०७८।०७९ को बजेट प्रस्तुत गर्नुअघि आर्थिक वर्ष २०७७।०७८ को यस दार्मा गाउँपालिकाको बजेट कार्यान्वयन र राजश्वको अवस्था बारे विद्यमान अवस्था प्रस्तुत गर्दछु।

७. आर्थिक वर्ष २०७६/०७७ का लागि आन्तरिक राजश्वको प्रक्षेपण ४९ लाख २ सय गरिएकोमा ३२.२७ प्रतिशतले गिरावट आई ३३ लाख ६७ हजार ४ सय ८५ मात्र सङ्कलन भएको छ।

८. आर्थिक वर्ष २०७७/०७८ मा सङ्घीय सरकारबाट समानीकरण अनुदान ८ करोड ७१ लाख प्राप्त भएको थियो। सर्सत अनुदान चालुतर्फ १९ करोड ३८ लाख २३ हजार ३ सय ५० विनियोजन भएकोमा १५ करोड ९३ लाख ८१ हजार ३ सय ३४ वास्तविक आय भएको छ। त्यसैगरी सङ्घको विशेष अनुदान चालु ३ करोड २० लाख विनियोजन भएकोमा वास्तविक आय १ करोड ४ लाख ४७ हजार रहेको छ। राजश्व बाँडाफाँट अन्तर्गत सङ्घीय सरकारबाट ६ करोड ६४ लाख ६८ हजार विनियोजन भएकोमा ४ करोड ८७ लाख ८२ हजार प्राप्त भएको छ। प्रदेश सरकारको समानीकरण अनुदानबाट १ करोड १६ हजार विनियोजन भएको थियो। प्रदेश समपूरक अनुदान चालुतर्फ १ करोड ५७ लाख ७३ हजार विनियोजनका लागि स्वीकृत भएकोमा हालसम्म २८ लाख १३ हजार प्राप्त भएको छ। प्रदेश सर्सत अनुदान चालु तर्फ ६५ लाख विनियोजन भएकोमा हालसम्म रकम प्राप्त भएको छैन। प्रदेश सरकारबाट विशेष अनुदान चालु ५० लाख विनियोजन भएकोमा पनि रकम प्राप्त हुन सकेन। त्यसैगरी प्रदेश सरकारको राजश्व बाँडफाँडबाट ६ लाख ४ हजार विनियोजन भएकोमा पनि हालसम्म रकम प्राप्त हुन नसकेको यस सम्मानित सभामा अवगत गराउँछु।

९. चालु आर्थिक वर्षमा यस दार्मा गाउँपालिकामा दुई वटा सडक आठ किलोमिटर स्तरवृद्धि अर्थात् चौडा बनाउने काम सम्पन्न भएको छ। मौलेखाली सिलिङ्गी भुरुङखोला सडक चार किलोमिटर र उम्मगाउँ विष्टगाउँ लाखुरीडाँडा नुवाकोट सडक चार किलोमिटर स्तरवृद्धि गरिएको हो। यसै आर्थिक वर्षमा नौ वटा सडक १३ किलोमिटर ट्रयाक खनिएको छ। ५७ वटा सडकको २ सय ७३ किलोमिटर मर्मत गरिएको छ।

१०. यस आर्थिक वर्षमा खानेपानी तर्फ नौ वटा लिफ्ट खानेपानी आयोजना सम्पन्न गरिएको छ। सिंचाइतर्फ पनि नौ वटा आयोजनाको निर्माण कार्य सम्पन्न भएको छ। यसै आर्थिक वर्षमा ११ वटा आर.सी.सी. भवन र ५ वटा शौचालय निर्माण भएका छन्। वडा नं ४ र ६ मा विद्युत लाइन विस्तार भएको छ भने वडा नं १, २ र ३ को विद्युतीकरणका लागि ७५ लाखको टेन्डर भई सम्झौता भइसकेको छ।

११. चालु आर्थिक वर्षमा दुई वटा झोलुङ्गे निर्माण भएका छन्। एक वटा आर.सी.सी. पुल निर्माण गरिएको छ। सहिद स्मृति रङ्गशालाको निर्माण कार्य भइरहेको छ। पाँच वटा सडक र तीन वटा भवनको डी.पी.आर. चालु आर्थिक वर्षमा सम्पन्न भएको छ।

१२. गरिबी तथा स्रोत र अवसरमा कमजोर रहेको दार्मा गाउँपालिकाको विकास र जनताको जीवनस्तरका लागि सरकारको महत्वपूर्ण भूमिका रहेको छ।

१३. संघीयताको नयाँ अभ्यासलाई सफल बनाउन संस्थागत क्षमताको विकास, तत्कालीन आवश्यकताको परिपूर्ति र दीर्घकालीन महत्वका विकास कार्यमा केन्द्रित दार्मा गाउँपालिका स्थानीय सरकार कोरोना भाइरसको महामारी र बन्दाबन्दीका कारण चालु आर्थिक वर्षको केही बजेट तथा कार्यक्रम कार्यान्वयन प्रभावित भएको सर्वविदितै छ।

१४. दार्मा गाउँपालिका स्थानीय सरकार जनताको जीवन रक्षाका लागि विश्वमहामारीको रुपमा रहेको नयाँ भेरियन्टसहितको कोभिड १९ विरुद्ध सुरुवात देखिनै यसको नियन्त्रण, रोकथाम, प्रतिकार्य र उपचारका लागि योजनाबद्ध रुपमा क्रियाशिल रहेको छ।

१५. यस वर्ष वैशाख २१ गते यता ३ सय २४ जनाको पिसिआर परीक्षण गरिएको छ। जसमध्ये १ सय ५० जना पोजेटिभ रहेको छ। हालसम्म एन्टिजेन परीक्षण सङ्ख्या ३ सय १६ मा १ सय १५ जनाको पोजेटिभ रहेको छ। हालसम्म सक्रिय संक्रमित ७८ जना रहेका छन्। पालिकाको आइसोलेसनमा उपचार गराइरहेको सङ्ख्या ८ र होम आइसुलेसनमा रहेको सङ्ख्या ७० रहेको छ। २५ सैयाको पालिका आइसोलेसनबाट निको भइ डिस्चार्ज भएको सङ्ख्या २६ सहित १ सय ८७ जना रहेको छ। दुनै अस्पताल डोल्पामा १ जना पुरुष, सल्ले अस्पताल रुकुम पश्चिममा एक जना महिला, सल्यान अस्पतालमा पोजेटिभ पुष्टि भई उचार गरी घर फर्केका दार्मा ४ भल्चौरका एक जना महिला घरमै र वीरेन्द्र नगर अस्पतालबाट घर फर्कदै गर्दा दार्मा ५ का एक जना पुरुष गरी चार जनाको मृत्यु भएको छ।

१६. दार्मा गाउँपालिकाको फारुलाचौरमा सञ्चालन भएको कोभिड १९ आइसोलेसनमा २१ वटा अक्सिजन सिलिन्डर, चार वटा अक्सिजन कन्सन्ट्रेटर लगायत औषधी, स्वास्थ्य उपकरण, मेडिकल अधिकृत र नर्स सहितका स्वास्थ्यकर्मी, सफाइकर्मी परिचालन गरिएको छ। दार्मा गाउँपालिकाको एम्बुलेन्स र गाउँपालिकाका दुबै गाडी संक्रमित बिरामीहरूलाई ओसारपसार गर्न प्रयोग गरिएको छ। कर्णाली प्रदेश सरकारको विशेष अनुदानमा २० सैयाको कोभिड आइसोलेसन निर्माण कार्य भइरहेको छ।

१७. नयाँ भेरियन्टसहितको कोभिड -१९ नियन्त्रण, प्रतिकार्य र उपचारमा आफ्नो जीवनको प्रवाह नगरी अग्रपंक्तिमा रहेर अहोरात्र क्रियाशिल स्वास्थ्यकर्मी, स्वयंसेवक, कर्मचारीहरुको सेवाप्रति कदर सहित हार्दिक आभार प्रकट गर्दै अझै उच्च मनोबलका साथ आफ्नो कर्तव्य पूरा गर्न विनम्रताका साथ अनुरोध गर्दछु। हामी तपाईंहरुको सेवा र समर्पणको सम्मान गर्नेछौं। त्यसरी नै आफ्नो जिम्मेवारीमा निरन्तर खटिनु भएका सुरक्षाकर्मी र सवारी चालकलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

१८. यस महामारी नियन्त्रणमा आवश्यक सहयोग र समन्वय गर्नुहुने माननीय जनप्रतिनिधि, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत तथा आदरणीय जनसमुदायलाई धन्यवाद व्यक्त गर्दै निरन्तर सहयोगको लागि हार्दिक अपिल समेत गर्दछु।

१९. शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र जीवनस्तर सुधारका कार्यक्रममा सङ्घीयताको मर्म अनुरुप वडा र बस्ती तथा सरोकारवालासँग सहकार्य गरिएको छ।

२०. अब म आर्थिक वर्ष २०७८/०७९ को बजेटका उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु।

(क) नयाँ भेरियन्टसहितको कोभिड १९ को महामारीबाट जनताको जीवन रक्षा गरी जनजीवनलाई सुरक्षित र सहज बनाउने।

(ख) नागरिकको मौलिक हकको रुपमा रहेको स्वास्थ्य तथा शिक्षा क्षेत्रको थप विकास, विस्तार र संस्थागत सुदृढीकरण गर्ने।

(ग) उत्पादन र उत्पादकत्व वृद्धि गरी रोजगारीका अवसर सिर्जना गर्ने।

(घ) आर्थिक अनुशासन, नवीन प्रविधिको उपयोग र प्रशासनिक सुधार गरि सुशासन कायम गर्ने।

२१. बजेटका उल्लिखित उद्देश्यहरु प्राप्त गर्न देहायअनुसार बजेटका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरिएको छ :

(क) नयाँ भेरिन्टसहितको कोभिड १९ को महामारीबाट दार्मा गाउँपालिका नागरिकलाई सुरक्षित राख्न क्वारेन्टाइन एवम् आइसोलेसन व्यवस्थापन, अत्यावश्यक औषधि, स्वास्थ्य सामग्री एवम् उपकरणको उपलब्धता र उपचारको व्यवस्था मिलाउने,

(ख) रोजगारमूलक विकास र उद्यमशीलताको माध्यमबाट आधारभूत आवश्यकताको परिपूर्ति गर्दै जीवनस्तरमा सुधार गर्ने।

(ग) कृषि, उद्योग, वन, पर्यटन र निर्माण लगायतका क्षेत्रको पुनरुत्थान गरी उत्पादन एवम् उत्पादकत्व वृद्धि गर्ने।

(घ) स्वास्थ्य र शिक्षा क्षेत्रको दीर्घकालीन विकासका लागि भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन, नवीन प्रविधि र संस्थागत क्षमता विकास गर्ने।

(ङ) सडक, उर्जा, खानेपानी, सिंचाइ लगायतका भौतिक पूर्वाधार विकास गर्ने।

(च) सुशासन र सदाचार प्रर्वद्धन गर्ने।

२२. आगामी आर्थिक वर्षका लागि बजेट विनियोजन गर्दा नयाँ भेरियन्टसहितको कोभिड १९ बाट सृर्जित महामारी र सम्भावित खाद्यन्न सङ्कटबाट जनतालाई जोगाउँदै 'रोकौं महामारी, उठाऔं पूर्वाधार, बढाऔ उत्पादन बनौं स्वरोजगार' मूल नाराका साथ दार्मा गाउँपालिका स्थानीय सरकारको आर्थिक वर्ष २०७८।०७९ को बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ।

२३. चालु आयोजनाको कार्यान्वयनका लागि सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रसँगको साझेदारीबाट विकास प्रक्रियालाई शीघ्र अगाडि बढाउने कार्यक्रममा जोड दिइएको छ।

गाउँ सभाका अध्यक्ष महोदय र सभा सदस्यहरू

अब यस सम्मानित सभा समक्ष आगामी आर्थिक वर्षको बजेटका कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्दछु :

२४. सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराइने छ। स्वास्थ्य क्षेत्रका लागि सशर्ततर्फ २ करोड १ लाख र गाउँपालिकाबाट १ करोड २५ लाख बजेट बिनियोजन गरिएको छ अर्थात् कुल बजेटको ८.२१ प्रतिशत बजेट विनियोजन गरिएको छ।

२५. स्वास्थ्य सेवालाई सरल, सहज र प्रभावकारी बनाउने कामलाई प्राथमिकता दिइएको छ। १५ सैयाको पालिका अस्पतालको भौतिक पूर्वाधार निर्माणका लागि १८ करोडमा बोलपत्र आह्वान भई निर्माणको काम अगाडि बढेको छ। प्रत्येक वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्र र स्वास्थ्य चौकीको स्तरवृद्धि, औषधि उपकरणका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

२६. महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्यकर्मीहरुको क्षमता विकास र कार्यसम्पादन सहज हुने गरि आवश्यक बजेट विनियोजन गरिएको छ। स्वास्थ्य स्वयंसेवीकाहरूलाई प्रदान गरिने कर्णाली प्रदेशको स्वयंसेवीकालाई प्रोत्साहन भत्ता प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ। त्यसका लागि २ लाख ७० हजार बजेट विनियोजन गरिएको छ। सुत्केरी पोषण कार्यक्रमका लागि ५ लाख ५२ हजार बजेट विनियोजन गरिएको छ।

२७. आयुर्वेद उपचार पद्धतिलाई प्रोत्साह गरिने छ। नागरिक आरोग्य केन्द्रबाट प्रवाह गरिने सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन रु. २ लाख बजेट विनियोजन गरिएको छ। त्यसैगरी पोषण कार्यक्रमका लागि ३ लाख ३० हजार बजेट सुनिश्चित गरिएको छ।

२८. स्वास्थ्य संस्थाबाट नियमानुसार नि:शुल्क औषधि प्रदान गर्ने कार्यलाई प्रयास बनाइनेछ। त्यसका लागि रु. ३७ लाख बजेट विनियोजन गरिएको छ।

२९. दार्मा गाउँपालिकामा घरमा हुने सुत्केरीको सङ्ख्या शून्य बनाइनेछ। त्यसका लागि दार्मा गाउँपालिकामा रहेका प्रसुतीगृहमा सुत्केरी हुन आउने महिलाहरुलाई नि:शुल्क एम्बुलेन्स सेवाको व्यवस्थाका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

३०. निजी, सहकारी र सामुदायिक क्षेत्रसँगको सहकार्यमा खाद्यन्न उत्पादनलाई प्रोत्साहनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ । कृत्रिम अभाव र कालोबजारीलाई नियन्त्रण गरी उपभोक्ता हित प्रवर्द्धन गरिने कार्यक्रमलाई बजेटमा प्राथमिकता दिइएको छ।

सभाध्यक्ष महोदय, सभाका सदस्यहरू

३१. सडक पूर्वाधारको विकास गरी यातायातलाई भरपर्दो र पहुँचयोग्य बनाउन यो बजेटले प्राथमिकता दिएको छ । पालिकाभित्र सडक विस्तार तथा स्तरोन्नति प्राथमिकतामा परेको छ । ठुला लागतका सडकहरुको लागि संघ प्रदेश र स्थानीय सरकारको सहकार्यमा निर्माण अगाडि बढाएको छ । सडक क्षेत्रको पूर्वधार विकासको लागि ४ करोड १४ लाख बजेट विनियोजन गरिएको छ । मौलाहाले – फारुला - दार्माकोट - स्यालागाउँ - नुवाकोट सडक खण्डको फारुला - दार्माकोट सडक स्तरोन्नतीका लागि १ करोड २४ लाख बजेटको व्यवस्था गरिएको छ । त्यसैगरी सिमखोली गोठीवन प्रसूतीगृह सडक निर्माणका लागि १ करोड १० लाख बजेटको व्यवस्था गरिएको छ । तीनपोखरे अँधेरीखोला लयाँटा नेटापीपल साङ्टा सडक निर्माणका लागि १ करोड बजेटको व्यवस्था गरिएको छ । दार्माकोट स्यालागाउँ नुवाकोट सडक स्तरोन्नतीका लागि ३० लाख बजेट विनियोजन गरिएको छ । फारुला लेखागाउँ नेटा सडक निर्माणका लागि ३० लाख बजेट विनियोजन गरिएको छ । त्यसैगरी साङ्टा लिरापाजा दार्माकोट सडक खण्डमा २० लाख बजेट विनियोजन गरिएको सम्मानित सभा समक्ष पेस गर्दछु ।

३२. दार्मा गाउँपालिकाको प्रशासनिक भवनका लागि ७ करोड १० लाखमा बोलपत्र आह्वान भई निर्माण प्रक्रिया अगाडि बढाइएको छ । त्यसको ४० प्रतिशतले हुन आउने रकम सङ्घीय समपूरकको लागि २ करोड ८४ लाख बजेट मध्ये यस आर्थिक वर्षका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

३३. विपन्न नागरिकलाई सुरक्षित आवासको व्यवस्था गर्नु सरकारको कर्तव्य हो । त्यसैले सुरक्षित नागरिक आवास कार्यक्रमलाई प्राथमिता दिइएको छ । त्यसका लागि २५ लाख बजेट विनयोजन गरिएको छ ।

३४. नदी तथा खोला वारपारका लागि सहज आवागनको आवश्यकता पर्दछ । वर्षाको समयमा खोला वारपार गर्दा कयौंले ज्यान गुमाउनु परेको अवस्था छ । त्यसको रोकथाम र निराकरणका लागि झोलुङ्गे पुल निर्माण कार्यलाई बजेटमा प्राथमिकता दिइएको छ । त्यसका लागि रु. ४० लाख बजेट वियोजन गरिएको छ ।

३५. दार्मा गाउँपालिकाले २०७८ लाई उज्यालो वर्षका रूपमा मनाउन पूर्ण विद्युतीकरणका लागि बजेटमा प्राथमिकता दिइएको छ । त्यसका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

सभाध्यक्ष महोदय

अब कृषि, वन तथा वातावरण क्षेत्रका कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्दछु ।

३६. परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई रुपान्तरण गरि उत्पादन तथा उत्पादत्वमा वृद्धि गर्न कृषि प्रणालीमा व्यवसायीकरण गरिनेछ । कृषकलाई **'विक्रि परिमाणमा प्रोत्साहन, उत्पादन लागतमा अनुदान'** भन्ने ध्येयका साथ कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि कृषि क्षेत्रका लागि ४५ लाख बजेट विनियोजन गरिएको छ ।

३७. सिंचाइ सुविधा उपलब्ध गराइ कृषिमा उत्पादकत्व वृद्धि गर्न सिंचाइ आयोजना निर्माण कार्यलाई जोड दिइने छ । चिउरेखोला सिंगारीकोट रागेडाँडा सिंचाइ कुलो मर्मतका लागि १ करोड बजेट विनियोजन गरिएको छ । अन्य सिंचाइ आयोजनका लागि आवश्यक बजेटको विनियोजन गरिएको छ ।

३८. पशु क्षेत्रको व्यवसायीकरण गरी आत्मनिर्भर बनाउन पशु व्यवसाय प्रवर्दनका कार्यक्रमहरु सञ्चालन गरिनेछ । यस क्षेत्रका लागि कुल ४३ लाख बजेट विनियोजन गरिएको छ ।

३९. मालिका, दार्माकोट, मलिबाङ, गुफा, वादने, चिप्ले, त्रिवेणी, ढाकाडामकोट, मैनेरी, ब्राहाथान, अँधेरे लगायतका क्षेत्रलाई पर्यटकीय क्षेत्रका रुपमा विकास गरि पर्यटनको आकर्षक गणतव्य बनाउन पूर्वाधार विकास गरिनेछ । यसका लागि पाँच लाख बजेट विनियोजन गरिएको छ ।

सभाध्यक्ष महोदय र सभाका सदस्यहरू,

अब शिक्षा क्षेत्रका कार्यक्रम र विनियोजन प्रस्तुत गर्दछु :

४०. श्रमप्रति आस्थावान, दक्ष, सचेत र राष्ट्रप्रति वफादार नागरिक तयार गरि सभ्य समाजको निर्माण गर्न शिक्षा क्षेत्रको विकासलाई पहिलो प्राथमिकता दिइएको छ । दार्मा गाउँपालिकभित्रको शिक्षालाई सबल र गुणस्तरीय बनाउन शिक्षा क्षेत्रमा कुल १२ करोड ८८ लाख ५ हजार अर्थात् ३०.४४ प्रतिशत बजेट विनियोजन गरिएको छ ।

४१. विद्यार्थी संख्या अधिक र शिक्षक संख्या न्यून रहेको यस दार्मा गाउँपालिकामा शिक्षक विद्यार्थी अनुपात मिलाउन गाउँपालिका स्वयंसेवक शिक्षक परिचालन गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ । यसका लागि १ करोड ९३ लाख बजेट विनियोजन गरिएको छ ।

४२. प्रारम्भिक बालविकास कक्षाका बाल विकास शिक्षक र विद्यालय कर्मचारीहरूका लागि मासिक १५ हजारका दरले हुन आउने आवश्यक तलबका लागि बजेटको व्यवस्था गरिएको छ ।

४३. सूर्योदय माध्यमिक विद्यालय दार्मा ६ गोठीवनमा पूर्वाधार निर्माणका लागि विशेष अनुदानमार्फत १ करोड ८२ लाख बजेट विनियोजन गरिएको छ ।

४४. नवसर्वसाधारण माध्यमिक विद्यालय दार्मा ४ रातामाटाको अधुरो भवन निर्माणका लागि २० लाख बजेटको व्यवस्था गरिएको छ । जनजागृत आधारभूत विद्यालय दार्मा ४ पुखातमा कम्प्युटर र प्रिन्टर खरिदका लागि ३ लाख बजेट विनियोजन गरिएको छ ।

४५. खेल क्षेत्रको स्तरोन्नती र खेलाडीको वृत्ति विकास लगायतका कार्यक्रम सञ्चालन गरिनेछ । सहीद समृतिकप तथा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि ६ लाख बजेट विनियोजन गरिएको छ । एक वडा एक खेलमैदान र खेलकुद सामग्रीका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

४६. आधारभूत खानेपानीको सेवामा नागरिकको सहज पहुँच सुनिश्चित गर्न र गुणस्तर वृद्धि गर्न खानेपानी आयोजना सञ्चालन गरिनेछ । मिरेनी रुमेगाउँ खानेपानी योजना दार्मा ६ का लागि २० लाख बजेट विनियोजन गरिएको छ । खानेपानीको अभाव आपूर्तिका लागि छनोट भएका योजनाहरूमा आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

४७. प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रमलाई थप व्यवस्थित बनाइ रोजगारका अवसर प्रदान गरिने छ । रोजगार कार्यक्रमका मार्फत उत्पादनका क्षेत्रमा पनि परिचालन गरिने छ । त्यसका लागि ६ करोड ८६ लाख २६ हजार बजेट विनियोजन गरिएको छ ।

४८. स्थानीय स्तरमै रोजगारी सृजनाका अवसरलाई प्राथमिकता दिइएको छ । स्थानीय स्रोत, श्रम र सिपको सदुपयोग गरी उद्यमशीलता प्रवर्धन गर्न ३१ लाख बजेट विनियोजन गरिएको यस सम्मानित सभामा पेस गर्दछु ।

४९. जन्म, मृत्यु, बसाइसराइ, विवाह, सम्बन्ध विच्छेदका अभिलेखलाई व्यस्थित गर्न प्राथमिकता दिइएको छ । त्यसका लागि १५ लाख बजेट विनियोजन गरिएको छ ।

५०. विपन्न नागरिक लक्षित कार्यक्रका लागि गरिवी अवस्थाको पहिचान गर्न आवश्यक छ । गरिव घरपरिवार पहिचानका लागि १ लाख बजेट विनियोजन गरिएको छ ।

५१. महिला, बालबालिका, अपाङ्गता, जेष्ठ नागरिक, दलित, जनजातिलगायतका लक्षित वर्गहरूलाई विशेष कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गरिएको छ । त्यसका लागि ५२ लाख बजेटको व्यवस्था गरिएको छ ।

५२. छोरी सुरक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ । त्यसका लागि १७ लाख २९ हजार बजेट विनियोजन गरिएको छ ।

५३. जनयुद्धका सहिद र वेपत्ताका छोराछोरीहरूलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमलाई प्राथमिकता दिइएको छ । त्यसका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

५४. जनयुद्धका सहिद र वेपत्ताका आमा, बुवा, श्रीमान / श्रीमती र छोराछोरीको हकअधिकार हुनेगरी प्रदेश सरकारले दिएको भत्तामा प्रति परिवार मासिक रूपमा रु. १,०००। (एक हजार) का दरले थप हुने गरी सहिद परिवार सामाजिक सुरक्षा भत्ता प्रदान गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

सभाध्यक्षज्यू र सम्मानित सभाका सदस्यहरू,

५५. जनताका आवश्यकता अधिक र बजेटको स्रोत सीमित भएको अवस्था छ । सीमित स्रोतबाट असीमित आवश्यकता सम्बोधन गर्न सकस भएको अवस्थामा यस दार्मा गाउँपालिकाका जनप्रतिनिधि एवम् कार्यपालिका र वडा समितिको बैठकमा बस्ने कर्मचारीहरू जनताको विकासप्रति जिम्मेवार बन्नु भएको छ । आर्थिक वर्ष २०७६/०७७ र २०७७/०७८ को दायित्व सर्ने अवस्थामा रहेको बैठक भत्ता वापतको ५६ लाख ८९ हजार ५

सय रुपैयाँ सबै जनप्रतिनिधि र कर्मचारीहरूले विकास बजेटका लागि भत्ता नलिने घोषणा गरेको व्यहोरा सम्मानित सभामा अवगत गराउँछु । जनताको विकासप्रति यस दार्मा गाउँपालिकाका जनप्रतिनिधिहरू र कर्मचारीहरू जिम्मेवार र समर्पित भावले क्रियाशील भएको यसले पुष्टि गरेको छ । व्यक्तिगत आवश्यकताभन्दा जनजीविकाका सवालमा केन्द्रीत हुने सबै जनप्रतिनिधि र कर्मचारीहरूप्रति हार्दिक धन्यवादसहित आभार प्रकट गर्दछु । यहाँहरूको योगदान प्रशंसनीय र स्मरणीय बन्ने छ ।

५६. आगामी आर्थिक वर्षमा प्रस्ताव गरिएका कार्यक्रम तथा आयोजना कार्यन्वयन गर्न रु. ३९ करोड ७० लाख ४० हजार विनियोजन गरिएको छ । कुल विनियोजन बजेटलाई चालु र पूँजीगतका शीर्षकहरूमा विनियोजन गरिएको छ ।

५७. आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजश्वबाट रु. ७० लाख प्रक्षेपण गरिएको छ । सङ्घीय सरकार समानीकरण अनुदान ९ करोड रहेको छ । सर्सत अनुदान सङ्घीय सरकार चालुतर्फ १५ करोड ९२ लाख रहेको छ । सर्सत अनुदान पूजीँगत सङ्घीय सरकार ७९ लाख र विशेष अनुदान पूँजीगत संघीय सरकार १ करोड ८२ लाख रहेको छ । त्यसैगरी समपूरक अनुदान पूजीँगत संघीय सरकार ६२ लाख प्राप्त भएको छ । राजश्व बाँडफाँट प्रदेश सरकारबाट ५ लाख ३८ हजार ७ सय १७ प्राप्त भएको छ । प्रदेशकै समानीकरण अनुदान प्रदेश सरकारबाट ९२ लाख ३१ हजार र सर्सत अनुदान चालु प्रदेश सरकारबाट २८ लाख ५१ हजार रहेको छ । सर्सत अनुदान पूँजीगत प्रदेश सरकार ८० लाख, विशेष अनुदान पूँजीगत प्रदेश सरकार ४० लाख र समपूरक अनुदान पूँजीगत १ करोड ५५ लाखको स्रोत परिचालन हुनेछ ।

५८. अन्तमा बजेट तयारका लागि विभिन्न माध्यमबाट सुझाव प्रदान गर्नुहुने गाउँसभा अध्यक्ष, सम्मानित गाउँसभाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, नीति कार्यक्रम तथा बजेट मस्यौदा लेखन सचिवालयसहित सबै कर्मचारीहरू, उद्योगी, व्यापारी, वुद्धिजीवि, सहकारी क्षेत्र, नागरिक समाज, विकास साझेदार, सञ्चार जगतलगायत सबैमा हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद !

नि.नं.३- प्रस्ताव नं. ३ माथि योजना, कार्यक्रम र बजेटमाथी छलफल गर्न २०७८।०३।१८ गते विहान ११ बजेसम्मको लागि गाउँसभा स्थगित गर्ने निर्णय गरियो ।